जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १४८ पृष्ठ: ४ २०८३ असोज १६ शुक्रबार (Friday 02 Oct. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

सिरहाको सुखिपुरबाट ११ क्विन्टल गाँजा बोकेको जिप र मोटरसाइकल बरामद



सिरहा, १५ असोज। सिरहाको सुखीपुर नगरपालिका १० विश्वकर्माचोकस्थित गागन खोला पुलबाट सशस्त्र प्रहरीले ११ क्विन्टल २ किलोभन्दा बढी गाँजासहित जिप र मोटरसाइकल बरामद गरेको छ। विशेष सूचनाका आधारमा बुधबार राति करिब १२:३६ बजे सशस्त्र प्रहरीको टोलीले चेकजाँचका क्रममा उक्त परिमाणको गाँजासहित बा १४ च २९४ नम्बरको बोलेरो जिप र स ६ प ४८५९ नम्बरको मोटरसाइकल बरामद गरेको हो।

सशस्त्र प्रहरी बल नेपाल नम्वर ७ गण हेडक्वार्टर सिरहाका प्रमुख एसपी सुमनजंग थापाका अनुसार विशेष सूचनाका आधारमा सुखिपुर, गोलबजार, बरियारपट्ट र हेडक्वाटरको टोलिले बाटोमा चेकजाँच गर्ने क्रममा उक्त बोलेरो र गाँगा बरामद गरेको जानकारी दिए। उनले गाँजा ओसारपसारमा संलग्न व्यक्तिहरूले गाडी र मोटरसाइकल छाडेर फरार भएको बताए। उनले भने 'यहि गाडी हो भन्ने नभएपनि गाँजा आउँदै छ भन्ने हामीलाई पहिला नै सूचना थियो, त्यहि आधारमा हामीले टोलि परिचालन गरेका थियौं। ठूलो लाईट बालेर आएको बोलेरोले हाम्रो टोलिलाई परैबाट देखेपछि मोटरसाइकल र गाडी लकगरेर भागे भोडेर भागे।'

त्यसपछिमात्र हामीले गाडी खानतलासी गदौ गाँज फेला परेको एसपी थापाले बताए। बोलेरोमा २६ वटा बोरामा प्याक गरिएको गाँजाको तौल ११ क्विन्टल २ किलो ६५५ ग्राम रहेको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीको टोलीलाई देखेपछि गाँजा ओसारपसारमा संलग्न व्यक्तिहरूले गाडी र मोटरसाइकल छाडेर फरार भएका थिए। उनले भने 'यहि गाडी हो भन्ने नभएपनि गाँजा आउँदै छ

–बाँकी तीन पेजमा

बिजुली मर्मत गर्न पोलमा चढेका युवकको करेन्ट लागेर मृत्यु

जनकपुरधाम, १५ असोज। धनुषामा बिजुलीको पोलमा चढेर विद्युत् मर्मत गर्ने क्रममा करेन्ट लाग्दा बिहीबार एक युवकको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका-९ औराहा टोलका ३२ वर्षीय श्रवण साह रहेका छन्। छिमेकीले आफ्नो घरको विद्युत् बिग्रिएको भन्दै मर्मत गरिदिन आग्रह गरेपछि साह बिजुलीको पोलमा चढेका थिए। पोलमा चढेर मर्मत गर्ने क्रममा उनलाई करेन्ट लागेको धनुषाका प्रहरी प्रवक्ता एवं डीएसपी ओमप्रकाश खनालले बताए। साहको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ।

धनुषामा बालुवा अनलोड गर्ने क्रममा टिफर पल्टिँदा पुरिएका क्रसर सञ्चालकको मृत्यु



धनुषाधाम, १५ असोज। धनुषामा टिपरबाट बालुवा-गिट्टी अनलोड गर्ने क्रममा पल्टिँदा पुरिएका एक क्रसर सञ्चालकको मृत्यु भएको छ। गिट्टी वालुवाले पुरीएर शख्त घाइतभएका मिथिला नगरपालिका ३, लालभित्तिस्थित औरही बाबा बालुवा प्रशोधन उद्योग सञ्चालक ३६ वर्षीय हरि महतोको उपचारको क्रममा मृत्यु भएको हो। गिट्टी-बालुवाले पुरिएका उनलाई उद्योगमै रहेको जेसीबीको सहयोगमा तत्काल उद्धार गरी गम्भीर घाइते महतोलाई उपचारका लागि जानकी मेडिकल कलेज, रमदैयामा पठाइएको थियो। तर उपचारकै क्रममा बिहान १०:२० बजे महतोको मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी डीएसपी ओमप्रकाश खनालका अनुसार बिहीबार बिहान करिब ७:२० बजे उद्योगमा प्रदेश २-०२-००१ ख

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- वाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

पार्टीभित्र लोकतन्त्रको परीक्षा

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत पर्सा क्षेत्र नम्बर २ मा क्षेत्रीय कार्यसमिति तथा महाधिवेशन प्रतिनिधि चयन प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै जिल्ला सदस्यसहित २७ जना नेता–कार्यकर्ताले पार्टी परित्याग गरेको घटना गम्भीर राजनीतिक संगठनात्मक विषय हो। राजीनामा दिएका कार्यकर्ताले आफूहरूलाई प्रक्रियाबाट बाहिर राखेर आफन्त तथा निकट व्यक्तिलाई अवसर दिइएको, पार्टीभित्र नातावाद र कृपावाद बढेको आरोप लगाएका छन्। यी आरोपको स्वतन्त्र पुष्टि वा खण्डन सम्बन्धित पार्टी संरचनाबाट आवश्यक भए पनि, यति ठूलो संख्यामा कार्यकर्ताले सामूहिक रूपमा असन्तुष्टि जनाउनु भने पार्टी नेतृत्वका लागि आत्मसमीक्षाको विषय बन्नुपर्छ।

अर्कोतर्फ, पर्सा क्षेत्र नम्बर २ मा क्षेत्रीय सभापति, पदाधिकारी तथा ३४ जना महाधिवेशन प्रतिनिधि सर्वसम्मत चयन भएको विवरण पनि सार्वजनिक भएको छ। त्यसैले यहाँ उठेको प्रश्न सर्वसम्मतिको परिणामप्रति मात्र होइन, त्यो परिणाममा पुग्ने प्रक्रियाको पारदर्शिता, सहभागिता र प्रतिनिधित्वप्रति हो। सर्वसम्मति आफैंमा समस्या होइनन्न तर सर्वसम्मतिको नाममा असहमति राख्ने सदस्यको आवाज दबाइएको हो भने त्यसले संगठनभित्र विश्वासको संकट पैदा गर्न सक्छ।

राजनीतिक दल लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत संस्था हुन्। दलभित्रको निर्णय प्रक्रिया पारदर्शी, सहभागितामूलक र विधिसम्मत हुन सकेन भने त्यही दलले बाहिर लोकतान्त्रिक मूल्य र विधिको पक्षमा गर्ने दाबी कमजोर हुन सक्छ। त्यसैले महाधिवेशन प्रतिनिधि छनोटलाई केवल आन्तरिक संगठनात्मक प्रक्रिया भनेर हल्का रूपमा लिनु हुँदैन। प्रतिनिधि नै महाधिवेशनमा नीति, नेतृत्व र संगठनको दिशासम्बन्धी निर्णय प्रक्रियामा सहभागी हुने भएकाले उनीहरूको छनोटको वैधता र विश्वसनीयता महत्वपूर्ण हुन्छ।

पर्साका असन्तुष्ट कार्यकर्ताले क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चयनमा आफूहरूलाई बाइपास गरिएको आरोप लगाएका छन्। उनीहरूले लामो समयदेखि पार्टीमा सक्रिय रहेका कार्यकर्ताको योगदानलाई बेवास्ता गरिएको दाबी गरेका छन्। यस्तो गुनासो सही हो भने पार्टी नेतृत्वले त्यसलाई व्यक्तिगत असन्तुष्टिका रूपमा मात्र हेर्नु हुँदैन। संगठनमा लामो समयदेखि काम गरेका कार्यकर्ताले आफूहरू निर्णय प्रक्रियाबाट बाहिर परेको महसुस गर्नु पार्टीको आन्तरिक सम्बन्धका लागि दीर्घकालीन चुनौती बन्न सक्छ।

तर असन्तुष्टिको समाधान आरोप–प्रत्यारोपबाट सम्भव हुँदैन। पार्टीले प्रतिनिधि चयनका क्रममा अपनाइएको प्रक्रिया, मतदाता सूची, उम्मेदवारी, सहमति वा सर्वसम्मतिको आधार र निर्वाचनसम्बन्धी अभिलेख स्पष्ट गर्न सक्नुपर्छ। कुनै सदस्यले प्रक्रियामाथि प्रश्न उठाएको छ भने त्यसको सुनुवाइका लागि पार्टीको विधानअनुसार उपलब्ध संयन्त्र प्रयोग गर्नुपर्छ। गुनासोको छानबिन र तथ्यका आधारमा समाधान खोज्ने अभ्यासले विवादलाई थप गहिरिनबाट रोक्न सक्छ।

यस घटनाले राजनीतिक दलभित्र अवसर वितरणको प्रश्नलाई पनि सतहमा ल्याएको छ। पार्टीको पद वा महाधिवेशन प्रतिनिधि बन्ने अवसर व्यक्तिगत सम्बन्धका आधारमा होइन, संगठनात्मक विधि र सदस्यको अधिकारका आधारमा सुनिश्चित हुनुपर्छ। कसैलाई अवसर दिइएको विषयभन्दा पनि त्यो अवसर कुन प्रक्रियाबाट दिइयो भन्ने कुरा महत्वपूर्ण हुन्छ। स्पष्ट मापदण्ड, खुला प्रक्रिया र सदस्यको सहभागिताले मात्र निर्णयप्रतिको स्वीकार्यता बढाउन सक्छ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिले १५औँ महाधिवेशनका लागि क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयनको औपचारिक कार्यतालिका सार्वजनिक गरेको छ। प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि चयन हुने व्यवस्था पार्टीको निर्वाचन प्रक्रियाको महत्वपूर्ण चरण हो। यस्तो प्रक्रियामा स्थानीय तहमा उत्पन्न हुने विवाद समयमै सम्बोधन गर्न सकिएन भने त्यसको असर माथिल्लो तहसम्म पुग्न सक्छ।

पर्साको घटनाले कांग्रेसलाई एउटा महत्वपूर्ण अवसर पनि दिएको छ। विवादलाई दबाउनेभन्दा प्रक्रियागत कमजोरी पहिचान गर्ने, आवश्यक सुधार गर्ने र सदस्यको विश्वास पुनःस्थापित गर्ने अवसरका रूपमा यसलाई उपयोग गर्न सकिन्छ। प्रतिनिधि छनोटमा स्पष्ट मापदण्ड, सार्वजनिक सूचना, नियमित अभिलेख र गुनासो सुनुवाइको प्रभावकारी व्यवस्था बनाउनु आवश्यक छ। पार्टीको शक्ति केवल निर्वाचित पदाधिकारी वा महाधिवेशन प्रतिनिधिको संख्यामा हुँदैन तल्लो तहका कार्यकर्ताले संगठनलाई आफ्नो ठान्छन् कि ठान्दैनन् भन्ने कुराले पनि संगठनको दीर्घकालीन आधार तय गर्छ। त्यसैले पर्सामा उठेको विवादको समाधान व्यक्तिविशेषको पक्ष वा विपक्षमा होइन, विधि, पारदर्शिता र सदस्यको सहभागिताका आधारमा खोजिनुपर्छ।

महाधिवेशन कुनै व्यक्तिलाई पदमा पुऱ्याउने मात्र प्रक्रिया होइन, पार्टीको नीति, नेतृत्व र संगठनात्मक संस्कारलाई पुनःपरिभाषित गर्ने अवसर पनि हो। त्यसैले पर्साका २७ कार्यकर्ताको राजीनामालाई केवल स्थानीय विवादका रूपमा पन्छाउनुको सट्टा त्यसबाट उठेका प्रश्नको संस्थागत जवाफ खोजिनु आवश्यक छ। पार्टीभित्र लोकतन्त्र बलियो बनाउने हो भने निर्णयको परिणाम मात्र होइन, निर्णयमा पुग्ने प्रक्रियामाथि पनि सदस्यको विश्वास कायम हुनुपर्छ।

कांग्रेस सभापतिहरूको शक्तिको स्रोत विचार कि गुट ?

कांग्रेसको इतिहासमा बीपी र गिरिजापछि शक्तिशाली सभापतिमा शेरबहादुर देउवा चिनिन्छन्। देउवाको व्यक्तित्व विश्लेषण गर्नेहरूले उनलाई गुटगत राजनीतिमा निपूर्ण व्यक्तिका रूपमा व्याख्या गर्छन्।

लिलु डुम्रे

काठमाडौं, १५ असोज। कांग्रेसको करिब आठ दशकको इतिहासमा आठ जना सभापति बने। यस बीचमा १४ वटा महाधिवेशन र २०१४ र २०८२ सालमा गरी दुईपटक विशेष महाधिवेशन भएको छ। मातृका प्रसाद कोइराला, विश्वेश्वर प्रसाद (बीपी) कोइराला, सुवर्ण शमशेर राणा, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, शेरबहादुर देउवा र गगन कुमार थापा पार्टीको सर्वोच्च पदमा पुगेका छन्।

बीपी कोइराला नियमित र विशेष महाधिवेशनबाट सभापति बनेका थिए। हालका सभापति थापा गत पुसमा भएको विशेष महाधिवेशनबाट सभापति बनेका हुन्। मातृका, बीपी, सुवर्ण शमशेर, कृष्णप्रसाद, गिरिजा, सुशील र शेरबहादुर नियमित महाधिवेशनबाट चुनिए। हालसम्म बनेका सभापतिमा विचार, सांगठनिक कुशलता, नैतिकता, क्रान्तिकारीपन लगायतले प्रभावी हुने र गुटगत राजनीतिको आडमा शक्तिशाली बनेका छन्। अर्कोतर्फ, पार्टीभित्र गुट खडा गरेर शक्ति आर्जन गर्ने सभापति पनि छन्। एक वर्षे कार्यकाल पनि पुरा नभएका हालका सभापति थापाको भने परीक्षण हुन बाँकी छ।

संस्थापक एवं वैचारिक कारणले सर्वाधिक शक्तिशाली सभापति बीपी कोइराला परिचित छन्। बीपीले करिब २५ वर्ष पार्टीको नेतृत्व गरे। नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस बीचमा एकता भई २००७ सालमा नेपाली कांग्रेस गठन हुँदा बीपी संस्थापक सभापति बने। २००९, २०१४ र २०१७ सालमा भएका महाधिवेशनबाट उनी सभापति चुनिएका थिए। २००७ सालमा राणा विरोधी आन्दोलनको अगुवाई गरेका बीपी सर्वाधिक शक्तिशाली र लोकप्रीय सभापति हुन्। पहिलो जननिर्वाचित पहिलो प्रधानमन्त्री बीपीकै नेतृत्वमा कांग्रेसले २०१५ सालमा दुई तिहाई सिट मत प्राप्त गरेको थियो।

पहिलो आम निर्वाचन (२०१५) मा कांग्रेसले ३७ प्रतिशत मत प्राप्त गरेको थियो। १०९ निर्वाचन क्षेत्रमा ७४ सिट कांग्रेसले जितेको थियो। निर्वाचनमा परिचालन हुन तत्कालीन समयमा पार्टीलाई भ्रातृ र शुभेच्छुक संस्थाको आड भरोसा हालको जस्तै सहज थिएन। यद्यपी, शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेस, भ्रातृ संस्थाहरू नेपाल महिला संघ र नेपाल तरुण दल भने क्रियाशील थिए। नागरिक अधिकारका लागि बीपीले जेल र निर्वासनको जीवन व्यतित गरे। कांग्रेसको मार्ग निर्देशक सिद्धान्त 'लोकतान्त्रिक समाजवाद' जग बसाल्ने पनि उनै बीपी हुन्।

२०१७ सालमा तत्कालीन राजाले बहुदलीय व्यवस्था अपदस्थ गर्दा, जेलमा हुँदा, निर्वासनमा भारत रहँदा बीपीको पकड रहिरहयो। नेपाली कांग्रेसको राजनीतिका जानकार एवं विश्लेषक पुरञ्जन आचार्य बीपीलाई बहुआयामिक व्यक्तिका रुपमा विश्लेषण गर्छन्। बीपीबारे आचार्य भन्छन्, 'उहाँलाई राष्ट्रिय–अन्तर्राष्ट्रिय ज्ञान थियो। पैदल र घोडामा यात्रा गरेर संगठन बनाउनु भयो। उहाँ अलौकिक व्यक्तित्वको मानिस हुनुहुन्थ्यो।' बीपी राजनीतिसँगै अर्को जीवन साहित्यिक थियो। उपन्यास, कथा संग्रह, आत्म वृत्तान्त, संस्मरण लगायतका कृति उनका छन्। संस्थापक नेता बीपीपछि प्रभावशाली सभापति गिरिजाप्रसाद कोइराला रहे। २०४६ सालमा बहुदलीय व्यवस्थाको पुर्नबहाली भएसँगै पार्टीमा एकक्षत्र गिरिजा हाबी भए।

गिरिजा पार्टीमा प्रभावशाली हुनुको मूल कारण उनलाई संगठनको शक्ति थियो। २००३ सालमा विराटनगर जुटमिल हडतालको लागि अगुवाई गरेर राजनीतिक जीवन सुरु गरेका गिरिजाको आन्दोलन, निर्वासन र जेल जीवनको भोगाई छ। गिरिजालाई पार्टीभित्र शक्ति आर्जन गर्न पारिवारिक विरासत, लामो समय महामन्त्री, चार पटक प्रधानमन्त्री लगायत कारण रहे। संगठनमा पकड भएकै आधारमा १४ वर्षसम्म सभापति पदमा रहे। कांग्रेसका तीन महाधिवेशनमा उनी निरन्तर सभापतिमा चुनिए। ९औं, १० औं र ११ औं महाधिवेशनबाट लगातार सभापति निर्वाचित भए। सभापति पदका प्रतिस्पर्धीलाई गिरिजाले फराकिलो अन्तरले पराजित गरे।

संख्याको आधारमा कांग्रेसले २०१५ सालमा दुई तिहाई ल्याएपनि प्रतिशतका आधारमा सर्वाधिक मत २०४८ सालमा पार्टीले प्राप्त गरेको थियो। २०४८ सालको चुनावबाट ३७.७५ प्रतिशत मत सहित बहुमतको सरकार गिरिजा नेतृत्वमा बनेको थियो। २०४८ सालमा पहिलोपटक प्रधानमन्त्री बनेका उनी २०५३ सालदेखि निरन्तर तीनपटक सभापतिमा निर्वाचित भए। लेखक, अध्येता एवं त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. जगत नेपाल २०४८ सालमा कांग्रेसले सरकार चलाउने अवस्था बनेपनि संस्था चलाउन भने सिकि नसकेको बताउँछन्।

'कांग्रेसले लोकतान्त्रिक आन्दोलन गर्न त सिक्यो, तर संस्था कसरी चलाउने, सिस्टम कसरी बचाउने भन्ने अनुभव थिएन,' तत्कालीन अवस्थाको सुनाउँदै प्राध्यापक नेपाल भन्छन्,'त्यसबेला कांग्रेस संसदीय दलको विधानसमेत थिएन। सांसद नभएका अवस्थामा पनि नेतृत्वको विषय टुंग्याउने परिस्थिति बन्यो। पहिला नेता छानियो, अनि माइन्युट गरियो।' पार्टीमा शक्ति कायम राख्न फरक विचार राख्नेहरुलाई किनारा लगाउने प्रवृत्ति गिरिजामा रहेको भन्दै उनको आलोचना पनि हुँदै आएको थियो। कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, शेरबहादुर देउवा लगायतलाई पाखा लगाएर शक्ति आर्जन गरेको उनी माथि आरोप छ।

पार्टीमा परिवारवाद आडमा शक्तिको दुरुपयोग गरेका गिरिजा माथि आरोप लाग्दै आएको छ। सभापतिलाई शक्तिशाली बनाउन उनले आफू अनुकूल हुने गरी विधान संशोधन गरेका थिए। नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) को एकीकरणपछि सभापति शक्तिशाली हुने गरी विधान संशोधन गरिएको थियो। उपसभापति, एक महामन्त्री र सह–महामन्त्रीलाई सभापतिले मनोनीत गर्ने व्यवस्था गरियो। त्यसअघि रहेको व्यवस्थामा पदाधिकारीहरू निर्वाचित हुने वा केन्द्रीय समितिको अनुमोदन आवश्यक हुने विधि थियो। दुईपटक भन्दा बढी सभापति बन्न नपाउने विधानको व्यवस्था महाधिवेशनबाट संशोधन गराएर उनी तेस्रोपटक (२०६२) सभापति चुनिएका थिए।

कांग्रेसको इतिहासमा बीपी र गिरिजापछि शक्तिशाली सभापतिमा शेरबहादुर देउवा चिनिन्छन्। देउवाको व्यक्तित्व विश्लेषण गर्नेहरूले उनलाई गुटगत राजनीतिमा निपूर्ण व्यक्तिका रूपमा व्याख्या गर्छन्। कांग्रेसको १० औं महाधिवेशन (२०५७) बाट सभापतिमा प्रतिस्पर्धा गर्न लागेका देउवा १३ औंमा निर्वाचित भए। विश्लेषक आचार्यको अनुसार देउवा 'लेनदेन'को राजनीतिमा पोख्त छन्। पार्टीभित्र गुटको राजनीति र भागबण्डा देउवाबाट सुरु भएका आचार्य दाबी गर्छन्। '१०औं महाधिवेशनमा गिरिजाबाबुसँग सभापतिमा उठ्नुभयो। त्यहाँ सभापतिमा पाएको मतको प्रतिशतको आधारमा भाग खोज्न सुरु गर्नुभयो।'

२०४८ सालदेखि २०७९ सालसम्म भएका संसदीय चुनावमा निरन्तर जित्ने देउवा एकल पात्र हुन्। शक्ति आर्जनका लागि पार्टीभित्र–बाहिर गठबन्धन र भागबण्डाको राजनीति गरेका देउवा पाँचपटक प्रधानमन्त्री बने। अन्य दलसँग गठबन्धन गरेर २०७९ सालको चुनावअघि प्रधानमन्त्री बनेका उनले त्यही बलमा कांग्रेसलाई पहिलो पार्टीपनि बनाए। विपक्षी भूमिका कमजोर बनाउने कार्य देउवाकै कार्यकालबाट सुरु भएको विश्लेषण हुँदै आएको छ। उपप्राध्यापक नेपाल राजनीति सत्ता, शक्ति र पैसामा केन्द्रित भएको र विपक्षीको भूमिकासमेत कमजोर बनाउने संस्कार विकसित भएको टिप्पणी गर्छन्।

कोइराला परिवारको वरपर रहेको कांग्रेसलाई त्यसबाट बाहिर ल्याउने हिम्मत जुटाउने नेताका रुपमा देउवा परिचित छन्। गिरिजासँग द्धन्द्ध बढेपछि छुट्टै दल नेपाली कांग्रेस (प्रजातान्त्रिक) उनकै नेतृत्वमा गठन गरेका थिए। पार्टीभित्र प्रभुत्व कायम राख्न केन्द्रीय समिति, संसदीय दल, प्रदेश, जिल्ला लगायतका संरचनामा आफ्नो पक्षको बहुमत देउवालाई बनाईराखे। विश्लेषक आचार्यको बुझाईमा देउवाको शक्तिको मूल स्रोत संगठन निर्माण भन्दा बढी गुटगत र भागबण्डामा आधारित राजनीति हो। तथापी, विधान संशोधन गरेर तेस्रोपटक पनि सभापति बन्ने चाहना भने उनले राखेनन्।

कोइराला परिवारबाट पछिल्लो सभापति सुशील कोइराला बने। कोइराला परिवारका त्यसअघिका सभापति सरह उनी प्रभावशाली भने हुन सकेनन्। कांग्रेसका सभापतिहरूमा मध्यम तहका सभापतिका रुपमा उनको गणना हुने गर्दछ। गिरिजाका उत्तराधिकारी सुशीलले २०७२ को संविधान जारी गरेको जस प्राप्त गरेका छन्। नैतिक निष्ठा, साधारण जीवनशैली लगायत सुशीलका गुण थिए। आफू अनुकूल हुने गरी सुशीलले विधान संशोधन गरेर शक्ति केन्द्रित गरेनन्।

सन्त नेताको पहिचान बनाएका कृष्णप्रसाद भट्टराईले पार्टीभित्र गुट बनाएनन्। उनको पक्षमा नेता कार्यकर्ता भएपनि त्यही बलमा गुटलाई प्रश्रय दिने कार्य भट्टराईले गरेनन्। कांग्रेसका सभापतिहरूमा भट्टराईलाई मध्यमस्तरको सभापतिका रुपमा व्याख्या गरिन्छ। संगठनमा कमजोर रहेका भट्टराई आध्यात्मिक नेता थिए। २०३४ सालमा कार्यवाहक सभापति बनेका भट्टराई २०४८ सालमा भएको ८औं महाधिवेशनबाट निर्विरोध सभापति बनेका थिए।

भट्टराई कार्यवाहक सभापति संगठनको बलमा नभई बीपीले अगाडि सारेका कारणले सम्भव भएको विश्लेषक आचार्य स्मरण गर्छन्। संस्थापक नेता एवं सभापति मातृकाप्रसाद कोइरालाले सभापति पदमा दुईवर्षे कार्यकाल मात्रै बिताए। बीपीसँग विवाद भएसँगै उनको प्रभाव घट्यो। बीपी र मातृकामा वैचारिक मतभिन्नता भएपनि भागबण्डाको लागि गुटको राजनीति नभएको इतिहासकारले बताउँदै आएका छन्।

राणा शासनको अन्त्यपछि बनेको सरकारमा बीपी लगायत कांग्रेसका मन्त्रीहरूको मातृकाले आलोचना गरेपछि विवाद भएको थियो। २००९ सालमा भएको पाँचौ महाधिवेशनमा मातृका बीपी विरुद्ध नै सभापतिमा उठे। विवाद बढ्दै गएपछि मातृकालाई प्रधानमन्त्रीबाट राजीनामा गर्न पार्टीले निर्देशन दियो।

राजीनामा दिन अस्वीकार गरेका मातृकाले २०१० सालमा राष्ट्रिय प्रजा पार्टी गठन गरे। बीपी र मातृका विवाद हुनुको कारणबारे उपप्राध्यापक डा. नेपाल भन्छन्,'बीपीको राजनीतिक स्कुलिङ भारतमा भएको थियो। उहाँ उच्च तहको लोकतान्त्रिक अभ्यास र मानव अधिकारको पक्षमा हुनुहुन्थ्यो। मातृकाप्रसाद कोइराला भने राणाकालमा नेपालमै बसेर शासन संयन्त्र र यहाँको शक्ति संरचना बुझ्नुभएको थियो। उहाँ स्थानीय

–बाँकी तीन पेजमा

ऋणीलाई ३५(पैंतिस) दिने सूचना

प्रकाशित मिति : २०८३।०६।१६ गते

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस जानकी फाइनान्स कम्पनी लि., गोलवजार शाखा संग लिए गरेको कर्जा लेनदेन कारोबारमा भुक्तानी तालिका अनुसार तिर्नु पर्ने साँवा, व्याज र हर्जाना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत साँवा, व्याज र हर्जाना व्याज रकम चुक्ता गर्न नआउनु भएको हुदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखि आफुले लिएको ऋणको भाखा नाघेको साँवा, व्याज र हर्जाना आदि भुक्तानी गर्नुहोला। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा वित्तीय संस्थाको कर्जा नीति अनुरुप ऋणी र धनी वित्तीय संस्था बिच भए गरेको ऋण सम्झौता, लिखतहरु तथा प्रचलित ऐन कानुन बमोजिम धितो स्वरुप लेखि दिएको अचल सम्पत्ति वित्तीय संस्थाले कुनै पनि बखत लिलाम/बिक्रि/सकार गरी असूल उपर गर्नेछ। सो बाट नखामेमा ऋणीको हक लाग्ने अन्य चल अचल सम्पत्तिहरु कानूनी कारवाही गरी वित्तीय संस्थाले आ नो लेना असूल उपर गरिलिने व्यहोरा समेत सूचित गरिन्छ। साथै धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचीमा सूचीकृत गर्नको लागि सिफारिस गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ।

कर्जा नं.	ऋणीको विवरण	धितो सुरक्षणको विवरण
००३०३१०००००४९४७०००००२ व्यपार कर्जा	जि.सिरहा, मल्हनियाखोरी वार्ड नं. ०५ बस्ने श्री देवकी कलेज अफ म्यानेजमेन्ट एण्ड साइन्स को प्रो. श्री मिश्री साह् को नाती , श्री राम जतन साहु को छोरा , हाल जि. सिरहा, मिर्चैया न.पा. ०६ बस्ने **श्री राम एकवाल नायक** ।	राम जतन साहु को नाउमा दर्ता कायम रहेको जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१५० को ०-३-२.५-० जग्गा , श्री देवकी कलेज अफ म्यानेजमेन्ट एण्ड साइन्स को नाउमा दर्ता कायम रहेको जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१४९ को ०-१-०-१३ जग्गा , जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१४८ को ०-१-०-१४ जग्गा, जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३२३६ को ०-०-२-८ जग्गा।
००३०४६०००११६३८०००००२ व्यक्तिगत कर्जा	जि.सिरहा, कविलासी वार्ड नं. ०७ बस्ने श्री रतिचन्द्र मण्डल धानुक को बुहारी, श्री गंगा मण्डल धानुक को हाल जि. सिरहा, सुखिपुर न.पा. ०४ बस्ने **श्रीमति सोमिन्त्रा देवी।**	निज ऋणी सोमिन्त्रा देवी को नाउमा दर्ता कायम रहेको जि. सिरहा, कविलासी वार्ड नं. ८क, कि.नं. ३१५२ को ०-०-१०-० घर जग्गा समेत।
००३०३८०००२१००८०००००३ व्यक्तिगत कर्जा	जि. काभ्रेपलान्चौक, पनैती वार्ड नं. ०१ बस्ने श्री हरि प्रसाद सापकोटा को नाति, श्री राम प्रसाद सापकोटा को छोरा हाल जि.काभ्रेपलान्चौक, पनौती १ बस्ने **श्री कृष्ण प्रसाद सापकोटा** ।	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, जमदह वार्ड नं. ३ क कि.नं. ४८ को १-७-३-० जग्गा ।
००३०३८०००२०८०८०००००२ व्यक्तिगत कर्जा	जि.धनुषा ,सावित्रक हठीवारा गा.वि.स वडा.न.०६ हाल गणेशमान चारनाथ न.पा.वडा नं.०३ बस्ने श्री अमिरी लाल महतो को बुहारी,श्री किशोरी महतो को **श्रीमती राज कुमारी देवी।**	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि.धनुषा .भरतपुर गा.बि.स.वडा.नं.१ख कि.न.३४८ को ०—२—५—० जग्गा ।
००३०३६०००११७४५०००००३ कृषि कर्जा	जि.सिरहा, आयोध्यानगर वार्ड नं. ०८ बस्ने श्री रतन कृषि फार्म को प्रो. श्री बिल्टु यादव को बुहारी, श्री ललित नारायण यादव को श्रीमति हाल जि. सिरहा, धनगढीमाइ न.पा. ०८ बस्ने **श्रीमति रतन कुमारी यादव ।**	निज ऋणीको श्रीमान को नाउमा दर्ता कायम रहेको जि. सिरहा, आयोध्यानगर वार्ड नं. ८क, कि.नं. ९११ को ०-८-१५.६६-० जग्गा ।
००३०३१०००११६४०००००२ व्यपार कर्जा	जि.सिरहा,सुखिपुर गा.वि.स वाडा न.०५ हाल ना.पा.१० बस्न श्री राज मंगल चौधरी को बुहारी ,श्री दुखि चौधरी थारु को श्रीमति फुल कुमारी जेनरल स्टोर को **प्रो.फुल कुमारी चौधरी।**	निज ऋणीको श्रीमान श्री दुखि चौधरी थारु को नाउमा दर्ता कायम रहेको जि. सिरहा , सुखिपुर ना.पा.०५ (सावित्रक) कि.नं.२६ को ००३९५.०० जग्गा सोमा घर समेत।
००३०३७०००११५८५०००००२ सहुलियतपूर्ण कर्जा	जि. सिरहा, सिरहा न.पा. वार्ड नं. २२, स्थित श्री राजेश पशुपक्षी तथा माछा फार्म को प्रो. श्री राज देव यादवको बुहारि, श्री हरि देव यादवको पत्नी, जि. सिरहा, सिरहा ना.पा. वार्ड नं. २२, हाल सिरहा न.पा. २२ बस्ने **श्रीमती सुनिता यादव।**	निज ऋणीको ससुरा श्री राज देव यादव को नाउमा दर्ता कायम रहेको जि. सिरहा, हकपारा वार्ड नं. ४, कि.नं. ३१८३ को ०-७-१०-६ जग्गा र कि.नं. ३१४ को ०-१-०-० जग्गा ।
००३०४८०००११६१२०००००२ व्यापार कर्जा	जि.सिरहा,रामनगर वाडा.नं.०३ हाल मिचैया ना.पा वाडा.नं. ०५ सिथित श्री बैजनाथ जनरल स्टोरको प्रो.श्री पलट महतो सुडी को नाति, ,श्री अमृत महतो को छोरा, जि.सिरहा ,भेडिया वाडा.न.०७ हाल मिचैया ना.पा वाडा.न.०५ बस्ने **श्री बैजनाथ महतो सुडी।**	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, रामनगर गा.वि.स वाडा.न.०३ कि.न. ३४९८ को ०—०—६—१० कि.न.३५०१ को ०—०—०—१५ र कि.न.३५०४ को ०—०—२—३ जग्गा।
००३०३१०००११९३६०००००२ व्यपार कर्जा	जि. सिरहा, सुखिपुर वार्ड नं. ०८ बस्ने श्री प्रफुल किराना पसल को प्रो. श्री दशै महतो को नाति, श्री रामलखन महतो को छोरा हाल जि. सिरहा, सुखिपुर न..पा. ०६ बस्ने **श्री महेश महतो।**	निज ऋणीको बुवा र ऋणी को नाउमा दर्ता कायम रहेको जि. सिरहा, सुखिपुर वार्ड नं. ७, कि.नं. ३३ को ००८२०.६० जग्गा।
००३०४३०००११९६७०००००३ विपन्न कर्जा	जि.सिरहा, अयोध्यानगर गा.वि.स.०१ बस्ने श्री मधुरी ठाकुर को नाति ,श्री रामसुफल ठाकुर बरही को छोरा हाल जि.सिरहा, गोलबजार ना.पा.वाडा न.१३ बस्ने **श्री देव नारायण ठाकुर।**	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि.सिरहा,सुखिपुर न पा.वाडा नं.१ख कि.न.३२०६ को ०—०—८—० र कि.न.३२७४ को ०—०—१४.५—० जग्गा।
००३०४४०००११७६१०००००२ कृषि कर्जा	जि.धनुषा, बालाबाखर वार्ड न.०९ श्री सुशान्त मत्सय पालन का प्रो.श्री राम प्रसाद सुनरैत यादव को बुहारी, श्री जय प्रकाश यादव को श्रीमति ,हालजिल्ला.धनुषा, शहिदनगर वार्ड न.०१ बस्ने श्रीमती रिम्पु कुमारी।	जय प्रकाश यादवको नाउमा दर्ता कायम रहेको जि. सिरहा, चन्द्रअयोध्यापुर वार्ड नं.८क, कि.नं.३२४० को ०-१ -१४-० जग्गा ।
००३०३१०००११३१४०००००२ व्यपार कर्जा	जि.सिरहा, बल्कवा वाई.न.०९, श्री मनोज जेनरल स्टोर का प्रो. श्री गुदरी साह को नाती ,श्री रामफल साह को छोरा, हाल जिल्ला.सिरहा, गोलवजार न.पा.११ बस्ने **श्री बेचन साह।**	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर वार्ड नं. ७क, कि.नं. ८१९ को ०-०—९-० जग्गा ।
००३०३६०००११६६५०००००२ कृषि कजा	जिल्ला. सिरहा, कविलसी वाडा.न.०२ बस्ने श्री लेलहाइ यादव को बुहारी,श्री कसिन्द्र यादव को श्रीमती , हाल जि.सिरहा, गोलबजार ना.पा.वाडा नं.०४ बस्ने **श्री विना देवी यादव।**	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर वार्ड नं. १ख, कि.नं. २२३० को ०-०—१०.५-० जग्गा ।
००३०४३०००११८१७०००००२ विपन्न कर्जा	जि.सिरहा,बडहरामाल.वार्ड.न.९, श्री तिलक महरा को नाती, श्री मुनेशवर महरा को छोरा, हाल..जिल्ला,सिरहा.कर्जन्हा.न.पा.वार्ड न ०५, बस्ने **श्री विन्देशर महरा ।**	निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, बडहरामाल वार्ड नं. ९, कि.नं. ३६४ को ०-१-१८.२५-० जग्गा, कि. नं. ३६८ को ०-०-११.७५-० र कि. नं. ७क को ०-२-१५-० जग्गा ।

काग्रेस सभापतिहरूको...

शक्ति र राजासँग मिलेर अघि बढ्नुपर्छ भन्ने दिशामा बढी देखिनुहुन्थ्यो ।'

२०१२ सालमा सभापति बनेका सुवर्ण शमशेर राणाले कार्यकाल पुरा नगरी बीचमै (२०१४ सालमा) विशेष महाधिवेशन आव्हान गरेर सभापति पद बीपीलाई सुम्पिए। पार्टीलाई आर्थिक रुपमा सहयोग गर्ने राणा सभापतिका रुपमा शक्तिशाली हुने र आफूमा शक्ति केन्द्रि गर्ने कार्यमा भने लागेनन्।

गत पुसमा भएको विशेष महाधिवेशनबाट सभापति चुनिएका थापाको परीक्षण हुन बाँकी छ। काग्रेसको मूल्य, मान्यता पुर्नस्थापित गर्ने दाबी सहित पार्टीमा गुटगत राजनीति अन्त्य गर्ने उनले बताउँदै आएका छन्। पार्टीभित्र सुधार र पुस्तान्तरणको एजेन्डा लिएर उनकै अगुवाई विशेष महाधिवेशन भएको थियो। कार्यकर्तालाई नेतामुखी नभई कार्यकर्तामुखी बनाउने विशेष महाधिवेशनबाट आएको समितिको दाबी छ। कांग्रेस हाल कमजोर अवस्थामा रहेको उपप्राध्यापक नेपाल बताउँछन्। 'कांग्रेसका लागि अहिले ठूलो परीक्षा हो। 'हामी फेरि उठ्यौं' भनेर मात्र पुग्दैन। जनताबाट अनुमोदित हुनुपर्छ,' प्राध्यापक नेपाल भन्छन्,'भोलि कांग्रेस फेरि ठूलो पार्टीको रूपमा स्थापित भयो भने त्यो नेतृत्वको सफलता हुनेछ। तर त्यो जनताले निर्णय गर्ने कुरा हो।'

पार्टी सुधारका लागि पदावधिको समय सीमा निर्धारण, 'प्राइमरी इलेक्सन', विषय विज्ञलाई ल्याट्रल इन्ट्री, युवा कोटा, जनप्रतिनिधि फिर्ता बोलाउने लगायतका प्रावधान विधानमा राखिएको छ। अनलाइनबाट

सिरहाको सुखिपुरबाट...

भन्ने हामीलाई पहिला नै सूचना थियो, त्यहि आधारमा हामीले टोलि परिचालन गरेका थियौं। ठूलो लाईट बालेर आएको बोलेरोले हाम्रो टोलिलाई परैबाट देखेपछि मोटरसाइकल र गाडी लकगरेर भागे भोडेर भागे।'

त्यसपछिमात्र हामीले गाडी खानतलासी गदौ गाँज फेला परेको एसपी थापाले बताए। बोलेरोमा २६ वटा बोरामा प्याक गरिएको गाँजाको तौल ११ क्विन्टल २ किलो ६५५ ग्राम रहेको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीले आवश्यक प्रकृया पुरा गरी बरामद गाँजा र गाडी थप अनुसन्धान तथा कार्वाहीका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाउने तयारी भईरहेको जानकारी दिए।

धनुषामा बालुवा ...

०१७१ नम्बरको टिपरबाट बालुवा-गिट्टी अनलोड गर्ने क्रममा अचानक पल्टिएको थियो। दुर्घटनामा टिपर चालक गणेशमान चारनाथ नगरपालिका ६, गोदारका करिब ३० वर्षीय हरि बहादुर बिश्वकर्मासमेत घाइते भएका छन्। उनको खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको डिएसपी खनालले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार तथा मालपोत कार्यालय, सिरहा

मुद्दा शाखा

३५ (पैंतिस) दिने हकदावी सम्वन्धी सार्वजनिक सूचना

मिति : २०८३/०६/१२

आगरवती नाउँमा दता रहेको साविस गा.वि.स. दुर्गापुर हाल तपसिल बमोजिम नापी भएको जग्गा नामसरी गरी प्रमाण पुर्जा पाउँ भन्ने गोलबजार न.पा. वडा नं. १३ बस्ने श्री कुसुम देवी कोइरीन द.नं. १३८७, मिति २०८२/०५/०१ मा निवेदन परी हकदावीको लागी सूचना प्रकाशन गर्ने मिति २०८३/०६/१२ मा आदेश भए अनुरुप यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवदेक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकले दर्ता/नामसारी/नाम, थर, वतन संशोधन गाउँ ब्लक लगत कायम गर्दा कसैको हक जाने छ भने सूचना सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा स-प्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको निवेदन नआएमा निवेदक माँग दावी बमोजिम नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्वाही भै जाने छ। पछि कुनै उजुर दावी नलाग्ने व्यहोरासमेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

गा.वि.स./न.पा.	वार्ड नं.	गाउँ ब्लक नं.	कि.नं.	क्षेत्रफल	साविक दर्तावाला
दुर्गापुर	७		२३५	०-२-८	आगरवती

शनिबार र आइतबार अनिवार्य बिदा दिन महानगरपालिकाको निर्देशन

पर्सा, १५ असोज। वीरगञ्ज महानगरपालिकाले शनिबार र आइतबार अनिवार्य सार्वजनिक बिदा दिन विद्यालयलाई निर्देशन दिएको छ। वीरगञ्जका केही संस्थागत विद्यालयले आइतबारसमेत पठनपाठन सञ्चालन गरिरहेको गुनासो आएपछि महानगरपालिकाले महानगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक तथा संस्थागत (निजी) विद्यालयलाई प्रत्येक हप्ता शनिबार र आइतबार अनिवार्य सार्वजनिक बिदा दिन निर्देशन दिएको हो।

शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार शैक्षिक संस्थामा हप्ताको दुई दिन बिदा दिने व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहलाई अनुरोध गरेपछि महानगरका केही संस्थागत विद्यालयले आइतबारसमेत पठनपाठन सञ्चालन गरेको जानकारीमा आएपछि दुई दिन अनिवार्य बिदा गर्न निर्देशन दिइएको महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले जानकारी दिए।

नगर शिक्षा समितिको यही असोज ५ गतेको निर्णयअनुसार महाशाखाले परिपत्र जारी गर्दै विद्यालय सञ्चालनमा एकरूपता कायम गर्न सबै विद्यालयलाई ताकेता गरेको हो। महानगरले भनेको छ, "शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार शनिबार र आइतबार गरी दुई दिन बिदा दिँदा विद्यार्थीको पठनपाठन समय तथा वार्षिक कार्यघण्टामा कमी आउन नदिने गरी विद्यालयले आवश्यक व्यवस्थापन गर्नुपर्छ, त्यसका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रबाट जारी निर्देशनअनुसार दैनिक पठनपाठनको समय, वार्षिक शैक्षिक क्यालेन्डर र आवश्यक बिदालाई समायोजन गर्न विद्यालयसँग आग्रह छ।"

भारतीय पर्यटकलाई भिठामोड नाकामा स्वागत



नागेन्द्रकुमार कर्ण

महोत्तरी, १५ असोज। होटल तथा पर्यटन व्यवसायी संघ जलेश्वर, महोत्तरीले विश्व पर्यटन दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बुधबार मुख्य सीमानाका भिठामोड पुगेर भारतीय पर्यटकलाई स्वागत तथा बिदाइ गरेको छ। बुधबार बिहानै सीमानाका पुगेका महोत्तरीका होटल तथा पर्यटन व्यवसायीले जलेश्वर नगरपालिका-३ स्थित भिठामोड नाकाबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई खादा तथा अबिर लगाएर स्वागत गरेका थिए। नेपालको भ्रमण सकेर भारत फर्किने पर्यटकलाई पनि खादा तथा अबिर लगाएर बिदाइ गरिएको थियो।

होटल तथा पर्यटन व्यवसायी संघ जलेश्वरका अध्यक्ष सरोज चौधरीले विश्व पर्यटन दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत पर्यटकलाई स्वागत तथा बिदाइ कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले यस कार्यक्रमले नेपाल भ्रमणमा आउने पर्यटकलाई सकारात्मक सन्देश दिने बताउनुभयो। नेपालमा भदौ १० गते आएको विनाशकारी बाढीपछि पर्यटकको संख्यामा उल्लेख्य कमी आएको बताउँदै उहाँले पर्यटकलाई सकारात्मक सन्देश दिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालमा मात्रै नभई महोत्तरी र जनकपुरमा पनि पर्यटनको राम्रो सम्भावना रहेको देखाउन यो कार्यक्रम आयोजना गरिएको हो।"

होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशका महासचिव दीपेन्द्र पराजुलीले भारतीय पर्यटक धार्मिक पर्यटनका लागि बढी आउने गरेको बताउँदै महोत्तरीको मुख्य सीमानाका भिठामोडमा उनीहरूलाई स्वागत तथा बिदाइ गरिएको बताउनुभयो। उहाँले सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बुधबार जलेश्वरमा अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिने बताउँदै मधेशमा पर्यटनको प्रशस्त सम्भावना रहेको र त्यसको प्रचारप्रसारका लागि यस्ता कार्यक्रम आवश्यक रहेको बताउनुभयो।

सीमानाकामा भारतको छत्तिसगढ, राजस्थानको अजमेरलगायत स्थानबाट जनकपुर तथा पशुपतिनाथको दर्शनका लागि आएका पर्यटकले नेपालको प्रवेशविन्दुमै स्वागत पाएपछि खुसी व्यक्त गरेका थिए। भारतको राजस्थानस्थित अजमेरबाट आउनुभएकी स्नेहलता चौधरीले आफूहरू जनकपुरस्थित जानकी मन्दिर र काठमाडौंको पशुपतिनाथको दर्शन गर्न आएको बताउनुभयो। पहिलोपटक नेपाल आएको बताउँदै उहाँले प्रवेशविन्दुमै मिठाई खुवाएर स्वागत गरेकोमा खुसी व्यक्त गर्दै सम्पूर्ण नेपालीलाई धन्यवाद दिनुभयो।

उहाँले भन्नुभयो, "हामी नेपालमा आएको बाढीका कारण डराउँदै-डराउँदै आएका थियौँ। तर प्रवेशविन्दुमै यसरी स्वागत पाएपछि हाम्रो गन्तव्य सहज हुने विश्वास बढेको छ।" पर्यटकलाई स्वागत गर्न सीमानाकामा जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारसहित सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेल, सुरक्षा निकायका प्रमुख, होटल तथा पर्यटन व्यवसायी संघका पदाधिकारी र स्थानीयवासीको उपस्थिति थियो।

वीरगञ्जको संशोधित बजेट ४ अर्ब २१ करोड ३४ लाख

दिपकप्रसाद गौतम

वीरगञ्ज, १५ असोज। वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८३/२०८४ को बजेट संशोधन गरी २१ करोड रुपियाँ घटाएको छ। बुधबार वीरगञ्ज महानगरपालिकाको २१ औं विशेष नगरसभाले यसअघि असार १० गते सम्पन्न २० औं नगरसभाले ल्याएको बजेटमा संशोधन गरी त्यसमा २१ करोड रुपियाँ घटाएर नयाँ बजेट ल्याएको हो।

महानगरका नगर प्रमुख राजेशमान सिंह निलम्बनमा रहेका बेला असार १० गते तत्कालीन कार्यवाहक नगरप्रमुख इम्तियाज आलमले चालू आर्थिक वर्षका लागि चार अर्ब ४२ करोड ३४ लाख ६९ हजार रुपियाँको बजेट प्रस्तुत गर्नुभएको थियो। विशेष अदालतले सफाई दिएपछि असोज ३ गतेदेखि पुनः नगर प्रमुखको पद सम्हाल्नुभएका सिंहले बुधबार (आज) २१औं विशेष नगरसभामार्फत असार १० गतेको बजेटमा संशोधन गरी चार अर्ब २१ करोड ३४ लाख ६९ हजार रुपियाँको बजेट ल्याउनुभएको हो।

विनियोजन बजेटमा चालु खर्चतर्फ २ अर्ब ३३ करोड १६ लाख ८५ हजार रुपियाँ अर्थात् ५६ प्रतिशत, पुँजीगत खर्चतर्फ १ अर्ब ८१ करोड १७ लाख ८४ हजार रुपियाँ अर्थात् ४३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७ करोड रुपियाँ अर्थात् १ प्रतिशत रहेको छ। संशोधित बजेटमा खर्च व्यहोर्ने स्रोतमा आन्तरिक राजस्वबाट १ अर्ब २७ करोड, संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट १ अर्ब ९८ करोड २९ लाख, संघीय राजस्व बाँडफाँडबाट २४ करोड ६८ लाख ८३ हजार रुपियाँ, प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट ५ करोड २८ हजार रुपियाँ, प्रदेश राजस्व बाडँफाडबाट १ करोड ६७ लाख १४ हजार रुपियाँ, घर जग्गा रजिष्ट्रेशन शुल्क वापत ४५ करोड रुपियाँ र नगर विकास कोषबाट १५ करोड रुपियाँ उल्लेख गरिएको छ।

महानगरको आन्तरिक राजस्व परिचालनमा आएको संकुचन तथा वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्रक्षेपण अनुसार स्रोत प्राप्ति हुन नसकेको र अनिवार्य चालु खर्चमा बृद्धि भएका कारणले बजेट संशोधन गर्न बाध्य हुनु परेको नगरप्रमुख सिंहले बताउनुभयो। बुधबारको विशेष नगरसभामा उप-प्रमुख इम्तियाज आलम अनुपस्थित हुनुहुन्थ्यो। यसअघि मंगलबार एक विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेस पर्सा जिल्ला कार्यसमितिले आफ्नो दलबाट निर्वाचित उपमेयर, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरूलाई नगरसभामा सहभागी नहुन ह्वीप नै जारी गरेको थियो।

पालिकामै पुग्न थाल्यो लाइसेन्स

जनार्जन खत्री

सर्लाही, १५ असोज। पछिल्लो समय आफ्नै पालिकाबाटै सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त हुन थालेपछि सेवाग्राहीलाई सहज भएको छ। यातायात व्यवस्था कार्यालय बर्दिबास महोत्तरीले सर्लाही, महोत्तरी र धनुषा जिल्लाका सेवाग्राहीको लाइसेन्स पालिकालाई नै हस्तान्तरण गरेर सजिलैसँग सेवाग्राहीसमक्ष पुऱ्याउने अभियानको थालनी गरेको हो। यो सेवाले लाइसेन्स छापिएर आएपछि लिनका लागि यातायात व्यवस्था कार्यालय नै धाउनुपर्ने बाध्यता अन्त्य भएको छ।

सर्लाहीको हरिवन नगरपालिका-६, घुर्कौलीका सीताराम मैनालीले आफूले पालिकाबाटै लाइसेन्स प्राप्त गर्न पाएको भन्दै खुसी व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "यातायात व्यवस्था कार्यालयको यो कदमप्रति खुसी लाग्यो। मैले पनि हाम्रै स्थानीय तहबाट केही दिनअघि मात्र लाइसेन्स प्राप्त गरेँ।" सर्लाहीका छ वटा पालिकाका लाइसेन्स यातायात व्यवस्था कार्यालय बर्दिबासबाट पालिकामै आइसकेको छ। लालबन्दी, हरिवन, बरहथवा, ईश्वरपुर, चन्द्रनगर र बागमती पालिकाका सेवाग्राहीको लाइसेन्स सम्बन्धित पालिकामै आइपुगेको हो।

लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुईलेटले यातायात कार्यालयबाट आफूहरूलाई हस्तान्तरण गरिएको लाइसेन्स सेवाग्राहीलाई सम्पर्क गरेर हस्तान्तरण गरिरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यातायातले हामीलाई हस्तान्तरण गरेको लाइसेन्स सेवाग्राहीलाई फोन गरेरै बोलाएर धमाधम दिइरहेका छौँ।" चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले यातायात व्यवस्था कार्यालयको यो कार्यले सेवाग्राहीलाई सहज भएकाले सकारात्मक सन्देश गएको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारले चाहेमा गर्न सक्छ भन्ने उदाहरण पनि हो।"

यातायात व्यवस्था कार्यालय बर्दिबासका प्रमुख राकेश यादवले अहिलेसम्म सर्लाही, महोत्तरी र धनुषामा यो सेवा सुरु गरिएको र निकट भविष्यमा सिन्धुलीसहित अन्य जिल्लामा पनि पालिकाहरूलाई एकमुष्टमा लाइसेन्स हस्तान्तरणको तयारी गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "महोत्तरीमा त पालिकाहरूले घर-घरमै लगेरसमेत दिनुभयो। अन्य जिल्लाहरूमा पनि सेवाग्राहीको सहजताका लागि सम्वन्धित पालिकालाई हस्तान्तरण गर्ने कार्य गरिरहेका छौँ।"

मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालयका सचिव रञ्जितकुमार यादव, यातायात व्यवस्था कार्यालयका प्रमुख यादवसहित प्रत्येक शनिबार र आइतबार लाइसेन्स बोकेर पालिकाहरूमा पुगिरहनुभएको छ। बिदाको दिन पालिकाहरूमै पुगेर लाइसेन्स प्रदान गर्दा सेवाग्राहीलाई सहज र छिटोछरितो रूपमा पालिकाबाट लाइसेन्स पाउने व्यवस्था मिलाइएको यातायात व्यवस्था कार्यालयका प्रमुख यादवले बताउनुभयो।

यादवका अनुसार महोत्तरीको क्षेत्रमा लाइसेन्स वितरण कार्यमा प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदादेवी थापासमेत सरिक हुनुभएको थियो। पछिल्लो समय सरकारले नै लाइसेन्स, राष्ट्रिय परिचयपत्र, नागरिकतासहितका सेवा घरघरमै पुगेर प्रदान गर्ने नीति अबलम्बन गर्न थालेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)